# नमूना वडा समाजवादी कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८०

*मिति २०८१ वैशाख ३१ मा भएको संशोधन समेत मिलाइएको।*

आन्तरिक मामि
न्त्रालय, बागमती प्रदेश

**बागमती प्रदेश सरकार**

## आन्तरिक मामिला तथा कानून मन्त्रालय

**हेटौंडा, नेपाल**

# नमूना वडा समाजवादी कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८०

**प्रदेश राजपत्रमा प्रकाशित मिति**
२०८०।०९।२६

संशोधन

नमूना वडा समाजवादी कार्यक्रम कार्यान्वयन
(पहिलो संशोधन) कार्यविधि, २०८१ २०८१।०१।३१

**प्रस्तावनाः** नेपालको संविधानले प्रत्याभूत गरेको आर्थिक तथा सामाजिक सुधार, सामाजिक न्याय र समृद्धि सुनिश्चित गर्नको लागि समावेशी एवं सहभागितामूलक रूपमा लोक कल्याणकारी, समाजवाद उन्मुख र समतामूलक उत्पादनमुखी समाजको विकास गर्ने आधार तयार गर्न स्थानीय तहको वडागत रूपमा एकीकृत नमुना वडा समाजवादी कार्यक्रम सञ्चालन गर्न बजेट विनियोजन भए बमोजिम स्थानीय तहका वडा छनौट एवं कार्यक्रम कार्यान्वयनलाई पारदर्शी बनाइ सुशासन कायम गर्ने उद्देश्यले,

बागमती प्रदेश सरकारले प्रदेश सुशासन ऐन, २०७७ को दफा ४६ ले दिएको अधिकार प्रयोग गरी जारी गरेको छ।

## परिच्छेद- १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "नमूना वडा समाजवादी कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८०" रहेको छ।

(२) यो कार्यविधि प्रदेश राजपत्रमा प्रकाशन भएको मिति देखि प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(क) "प्रदेश सरकार" भन्नाले बागमती प्रदेश सरकार सम्झनु पर्छ।

(ख) "कार्यक्रम" भन्नाले नमुना वडा समाजवादी कार्यक्रम सम्झनु पर्छ।

(ग) "निर्देशक समिति" भन्नाले दफा ६ बमोजिमको कार्यक्रम निर्देशक समिति सम्झनु पर्छ।

(घ) "♦अनुगमन तथा सहजीकरण समिति" भन्नाले दफा ७ बमोजिमको कार्यक्रम कार्यान्वयन तथा अनुगमन समिति सम्झनु पर्छ।

(ङ) "स्थानीय तह" भन्नाले बागमती प्रदेशभित्रका महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका वा गाउँपालिकालाई सम्झनु पर्छ।

(च) "वडा" भन्नाले प्रदेशभित्रका नमूना वडा समाजवादी कार्यक्रम कार्यान्वयन गर्न छनौट भएका वडा सम्झनु पर्छ।

(छ) "उत्पादक सहकारी संस्था" भन्नाले कार्यक्रमसँग सम्बन्धित उत्पादनमूलक उद्देश्य भएका स्थानीय उत्पादक सहकारी संस्था भन्ने बुझिन्छ।

(ज) "समूह" भन्नाले कार्यक्रमसँग सम्बन्धित समान प्रकृतिका उद्देश्यका निम्ति गठन भएका स्थानीय समूह भन्ने बुझिन्छ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

---
♦ पहिलो संशोधोनद्वारा संशोधित।

(झ) "उपभोक्ता समिति" भन्नाले कार्यक्रम कार्यान्वयन प्रयोजनका निम्ति सम्बन्धित वडा कार्यालयद्वारा गठित उपभोक्ता समिति भन्ने बुझिन्छ।

३. **कार्यक्रमको लक्ष्यः** यस कार्यक्रमको लक्ष्य देहायबमोजिम हुनेछः-

(क) प्रदेशका सबै स्थानीय तहमा खाद्य आत्मनिर्भरता, रोजगारी र आधारभूत वस्तुहरूको आपूर्ति समेतको उपलब्धि हासिल गर्न समाजवाद उन्मुख उत्पादन प्रणालीको विकास गर्ने।

(ख) कार्यक्रम कार्यान्वयन भएको वडास्तरमा नागरिकको जीवनस्तर सुधार तथा आर्थिक सामाजिक हित कायम गर्ने।

४. **कार्यक्रमको उद्देश्यः** यस कार्यक्रमको उद्देश्य देहायबमोजिम रहेका छन्ः-

(क) वडास्तरमा उत्पादन वृद्धि गरी खाद्य सुरक्षा सुनिश्चित गर्ने,

(ख) वडास्तरमा उद्यमशिलता वृद्धि गर्ने,

(ग) गरिब, विपन्न, असहाय, ज्येष्ठ नागरिकलाई स्वास्थ्य सेवामा पहुँच बढाउने,

(घ) शुद्ध खानेपानी, सफा शौचालय र स्वच्छ उर्जामा सबै नागरिकको पहुँच स्थापित गर्ने,

(ङ) गरीब तथा विपन्न नागरिकलाई सुरक्षित आवासको व्यवस्था गरी व्यवस्थित बसोबासयुक्त वडाको रुपमा विकास गर्ने,

आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश

(च) नयाँ प्रविधियुक्त, प्राविधिक, व्यवहारिक एवं गुणस्तरीय शिक्षामा सबै वडावासीको पहुँच पुर्‍याउने,

(छ) सीप विकास र स्वरोजगार प्रवर्द्धन गर्ने,

(ज) सूचना तथा सञ्चार प्रविधिमा सबै वडावासीको पहुँच पुर्‍याउने,

(झ) सामाजिक विभेदको अन्त्य र सामाजिक सुरक्षाको व्यवस्था गरी समतामुलक, सभ्य र सुसंस्कृत वडाको रुपमा विकास गर्ने,

(ञ) वडास्तरबाट नै आरम्भ गरी सहभागितात्मक विकासको अभ्यासको प्रवर्द्धन गर्ने।

५. **<u>कार्यक्रम कार्यान्वयन गरिने क्षेत्रः</u>** यस कार्यक्रम अन्तर्गत प्रदेश सरकारको स्वीकृत वार्षिक कार्यक्रमबाट नेपाल सरकार वा स्थानीय तहबाट सञ्चालित कार्यक्रमसँग दोहोरो नहुने गरी निम्नानुसार कार्यान्वयन गरिनेछः-

(क) कार्यक्रम सञ्चालन हुने वडाहरूले यस कार्यविधिको अनुसूची-१ बमोजिमको विषय क्षेत्र र कार्यक्रमहरूमा मात्र बजेट खर्च गर्न सक्नेछन्।

(ख) यो कार्यक्रमबाट खाद्य सुरक्षा, आवास, स्वास्थ्य, शिक्षा, खानेपानी र सामाजिक विभेदको अन्त्य जस्ता विषय क्षेत्रसँग सम्बन्धित कार्यलाई पहिलो प्राथमिकतामा राख्नु पर्नेछ।

(ग) अनुसूची-१ अन्तर्गतका कार्यक्रम मध्ये समूह-१ का कार्यक्रम पहिलो प्राथमिकतामा राख्नुपर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(घ) सबभन्दा पिछडिएको क्षेत्र र जनसहभागिता जुट्ने क्षेत्र यस कार्यक्रमको लक्षित क्षेत्र हुनेछन्।

## परिच्छेद- २

## संस्थागत व्यवस्था

६. **कार्यक्रम निर्देशक समितिः** (१) कार्यक्रम कार्यान्वयनको लागि आवश्यक नीतिगत निर्देशनको लागि देहायबमोजिमको एक कार्यक्रम निर्देशक समिति रहनेछः-

(क) मुख्यमन्त्री -अध्यक्ष

(ख) मन्त्री, आर्थिक मामिला तथा योजना मन्त्रालय -सदस्य

(ग) मन्त्रीहरू, कार्यक्रमसँग सम्बन्धित मन्त्रालय -सदस्य

(घ) उपाध्यक्ष, प्रदेश नीति तथा योजना आयोग-सदस्य

(ङ) प्रमुख सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय -सदस्य

(च) सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय (शासकीय सुधार तथा समन्वय महाशाखा हेर्ने) -सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको निर्देशक समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरेबमोजिम हुनेछ।

(३) निर्देशक समितिले यस कार्यविधिको दफा ७ बमोजिमको कार्यक्रम कार्यान्वयन तथा अनुगमन समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

**७.** **<u>कार्यक्रम कार्यान्वयन तथा अनुगमन समितिः</u>** (१) यो कार्यक्रम कार्यान्वयन, समन्वय, सहजीकरण र अनुगमन गर्न देहायबमोजिमको समिति रहनेछः-

(क) प्रदेश सचिव (शासकीय सुधार), मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय -संयोजक

(ख) प्रदेश सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय -सदस्य

(ग) प्रदेश सचिवहरू, कार्यक्रमसँग सम्बन्धित मन्त्रालय -सदस्य

+<u>(ग१.) प्रदेश सचिव, प्रदेश नीति तथा योजना आयोग -सदस्य</u>

(घ) प्रदेश लेखा नियन्त्रक, प्रदेश लेखा नियन्त्रकको कार्यालय -सदस्य

(ङ) शाखा प्रमुख, शासकीय सुधार तथा समन्वय शाखा, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय -सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको कार्यक्रम कार्यान्वयन तथा अनुगमन समितिले निर्देशक समितिको आवश्यक निर्देशनमा कार्यक्रम कार्यान्वयनमा प्रदेश सरकारको तर्फबाट गर्नुपर्ने निर्देशन, सहजीकरण, अनुगमन तथा मूल्याङ्कन लगायतका कार्यहरू गर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

+ पहिलो संशोधनद्वारा थप।

(३) कार्यक्रम कार्यान्वयन तथा अनुगमन समितिले कार्यक्रम कार्यान्वयनको सन्दर्भमा निर्देशक समितिलाई आवधिक रूपमा प्रतिवेदन गर्नेछ।

(४) उपदफा (१) बमोजिमको कार्यक्रम कार्यान्वयन तथा अनुगमन समितिको बैठकसम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरेबमोजिम हुनेछ।

## परिच्छेद- ३

## कार्यक्रम कार्यान्वयन सम्बन्धी व्यवस्था

८. **स्थानीय तह र वडा छनौटको मापदण्ड र विधिः** (१) कार्यक्रम कार्यान्वयनका लागी बागमती प्रदेशभित्रका मानव विकास सूचकाङ्कमा सबैभन्दा पछि परेका स्थानीय तहको क्रम अनुसार प्रत्येक आर्थिक वर्षमा कार्यक्रम कार्यान्वयन हुने ♦स्थानीय तहको छनौट कार्यक्रम कार्यान्वयन तथा अनुगमन समितिको सिफारिसमा निर्देशक समितिले ✂.... गर्नेछ।

+तर अनुगमन तथा सहजीकरण समितिले स्थानीय तहको छनौटका लागि सिफारिस गर्दा मानव विकास सूचाङ्कमा पछि परेका स्थानीय तहहरूको क्रमअनुसार प्रत्येक जिल्लाबाट कम्तिमा एक स्थानीय तह हुनेगरी निर्देशक समितिमा सिफारिस गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम छनौट भएका स्थानीय तहमा कार्यक्रम कार्यान्वयन हुने वडाको छनौट देहायको आधारमा कमजोर आर्थिक, सामाजिक अवस्था भएका वडालाई प्राथमिकता दिई

---

♦ पहिलो संशोधनद्वारा संशोधित।

✂ पहिलो संशोधनद्वारा झिकिएको।

+ पहिलो संशोधद्वारा थप।



आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

सम्बन्धित स्थानीय तहको कार्यपालिकाको निर्णयबाट +एउटा वडा छनौट गर्नुपर्नेछः-

(क) गरिबीको अवस्था

(ख) कृषिमा आश्रित जनसङ्ख्या

(ग) दलित तथा पछाडि परेको समुदायको सघनता

(घ) सीमान्तकृत समुदायको सघनता

(ङ) बिजुलीमा पहुँचको अवस्था

(च) स्वच्छ खानेपानीमा पहुँचको अवस्था

(छ) भौगोलिक विकटता

(३) उपदफा (२) बमोजिम सम्बन्धित स्थानीय तहले वडा छनौट गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउनु पर्नेछ।

९. **बजेट तथा कार्यान्वयन प्रक्रियाः** (१) कार्यक्रम कार्यान्वयनको बजेट प्रति वडा कम्तीमा एक करोड हुनेछ। कार्यक्रमको कार्यान्वयन गर्दा सम्बन्धित स्थानीय तहले कम्तीमा दश प्रतिशत बजेट रकमको लागत साझेदारी गर्नुपर्नेछ।

(२) कार्यक्रम सञ्चालनको लागि प्राप्त भएको रकम सम्बन्धित स्थानीय तहले अनुसूची-१ बमोजिमको क्रियाकलापमा मात्र खर्च गर्न सक्नेछ।

(३) अनुसूची-१ बमोजिमको क्रियाकलाप छनौट गर्दा अनुसूची-१ को समूह-१ भित्रको कार्यक्रमलाई प्राथमिकता दिनुपर्नेछ।

---

+ पहिलो संशोधनद्वारा संशोधित।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

तर अनुसूची-१ को समूह-१ अन्तर्गतका कार्यक्रममा अन्य निकायबाट खर्च भएको वा त्यस्ता कार्यक्रमबाट अपेक्षित उपलब्धि हासिल भइसकेको अवस्थामा अनुसूची-१ को समूह-२ अन्तर्गतका कार्यक्रममा लगानी गर्न सक्नेछ।

♦(४) स्थानीय तहले कार्यविधिको दफा ८ बमोजिम छनौट भएको वडामा दफा ९ को उपदफा (२) र (३) बमोजिम लागत अनुमानसहितको कार्यक्रम छनौट गरी कार्यपालिकाको निर्णय सहित निर्देशक समितिमा सिफारिस गरी पठाउनुपर्नेछ।

+(४क.) निर्देशक समितिले उपदफा (४) बमोजिम स्थानीय तहबाट सिफारिस भई आएका कार्यक्रमहरू मध्ये भौतिक पूर्वाधार विकास तथा सामाजिक विकासका क्षेत्रमा सन्तुलन कायम गरी प्रदेश मन्त्रिपरिषद्बाट कार्यक्रमको अन्तिम स्वीकृतिका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सिफारिस गर्नुपर्नेछ।

(५) कार्यक्रम सञ्चालनको लागि सशर्त अनुदानको रुपमा एकमुष्ठ रकम आर्थिक मामिला तथा योजना मन्त्रालय मार्फत उपलब्ध गराइने छ।

(६) कार्यक्रम सञ्चालनको बजेट खर्च गर्ने, लेखा राख्ने तथा लेखापरीक्षण गराउने जिम्मेवारी स्थानीय तहको हुनेछ।

१०. **तहगत समन्वय र सहकार्यः** (१) कार्यक्रम लागू भएको वडामा तीनै तहका सरकारबाट सञ्चालन हुने कार्यक्रम दोहोरो नपर्ने गरी सञ्चालन गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, लुम्बिनी प्रदेश

♦ पहिलो संशोधनद्वारा संशोधित।

+ पहिलो संशोधनद्वारा थप।

(२) कार्यक्रममा तीनै तहका सरकारहरू र स्थानीय नागरिक सहितको सहभागितात्मक लगानीलाई प्रोत्साहन गरिनेछ।

(३) कार्यक्रम कार्यान्वयनको सिलसिलामा सम्बन्धित स्थानीय तह वा वडाले प्रचलित कानूनभित्र रही निजी क्षेत्रको सहभागितालाई समेत प्रोत्साहित गर्न सक्नेछन्।

११. **अनुगमन तथा मूल्याङ्कनः** ♦(१) यस कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन सम्बन्धित स्थानीय तहले प्रचलित कानूनबमोजिम गर्नुपर्नेछ।

(२) कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन यस कार्यविधिको दफा ७ बमोजिमको अनुगमन तथा सहजीकरण समितिले समेत गर्न सक्नेछ।

+(२क.) उपदफा (२) बमोजिम अनुगमन तथा सहजीकरण समितिले अनुगमन गर्दा सम्बन्धित क्षेत्रको निर्वाचित प्रदेश सभा सदस्यलाई सहभागी गराउनुपर्नेछ।

(३) अनुगमन तथा मूल्याङ्कन गर्दा कार्यक्रमको उद्देश्य र अपेक्षित उपलब्धिसँग सम्बन्धित निश्चित सूचकको आधारमा ♦गर्नुपर्नेछ।

(४) ♦उपदफा (१) बमोजिमको समितिले कार्यक्रमको त्रैमासिक अनुगमन गरी दफा (७) बमोजिमको कार्यक्रम कार्यान्वयन तथा अनुगमन समितिमा उपदफा (३) बमोजिमको प्रतिवेदन पठाउनु पर्नेछ।

(५) उपदफा (४) बमोजिमको प्रतिवेदनको आधारमा कार्यक्रम कार्यान्वयनलाई थप प्रभावकारी बनाउन गर्नुपर्ने कामको

♦ पहिलो संशोधनद्वारा संशोधित।

+ पहिलो संशोधनद्वारा थप।

आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश

सन्दर्भमा कार्यक्रम कार्यान्वयन तथा अनुगमन समितिले सुझाव सहितको प्रस्ताव तयार गरी ✂.... निर्देशक समितिमार्फत प्रदेश सरकार समक्ष प्रस्तुत गर्नेछ।

## परिच्छेद- ४

## विविध

१२. **प्रभावकारिताको अध्ययन:** प्रदेश सरकारले प्रदेश नीति तथा योजना आयोग मार्फत कार्यक्रमको प्रभावकारिताको अध्ययन गराउन सक्नेछ। कार्यक्रमको लक्ष्य र उद्देश्यलाई आधार मानी गरिएको उक्त अध्ययनको सुझावका आधारमा प्रदेश सरकारले कार्यक्रमलाई थप प्रभावकारी बनाउन कार्यक्रमको स्वरूपमा आवश्यक परिमार्जन गर्न सक्नेछ।

१३. **कार्यक्रम खारेज हुन सक्ने:** कार्यक्रम लागू भएको स्थानीय तहले कार्यक्रमको उद्देश्य र कार्यविधि विपरीत काम गरेमा वा कार्यक्रमको पारदर्शितामा आँच आउने काम गरेमा त्यस्ता वडामा यो कार्यक्रम खारेज हुन सक्नेछ। साथै यस्तो परिस्थितिमा त्यस वडामा प्रदेश सरकारमार्फत जाने अन्य अनुदान वा कार्यक्रम सम्बन्धमा समेत पुनर्विचार गर्न सकिने छ।

१४. **कार्यान्वयन सहजीकरण:** कार्यान्वयनलाई थप प्रभावकारी र सहज बनाउन यस कार्यविधिको व्याख्या आवश्यकता अनुसार मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयले गर्न सक्नेछ।

१५. **प्रचलित कानून बमोजिम हुने:** यस कार्यविधिमा उल्लेख भएका कुराहरू प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म प्रचलित कानून बमोजिम नै हुनेछ।

---

✂ पहिलो संशोधनद्वारा झिकिएको।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

# अनुसूची- १

## नमूना वडा समाजवादी कार्यक्रम अन्तर्गत कार्यान्वयन गर्न सकिने कार्यक्रम

| क्र.स. | विषय क्षेत्र | समूह १ | | समूह २ | |
|---|---|---|---|---|---|
| | | कार्यक्रम | गरिने क्रियाकलाप | कार्यक्रम | गरिने क्रियाकलाप |
| १ | कृषि तथा खाद्य सुरक्षा (खाद्य आत्मनिर्भरता) | घरेलु एकीकृत कृषि प्रवर्द्धन कार्यक्रम | एकीकृत रुपमा अन्नबाली, फलफूल, पशुपन्छी पालन, मत्स्यपालन, करेसा खेतीको निम्ति अनुदान | कृषि मूल्य तथा आपूर्ति श्रृखला व्यवस्थापन | कृषि सामग्री आपूर्तिको सरल व्यवस्थापन, वडा बाली विशिष्टीकरण एवं विविधिकरण कार्य, बाँझो बारी तथा चक्लाबन्दी खेति प्रोत्साहन अनुदान, उत्पादनको ब्रान्डीङ्ग र बजार पहुँचमा सहयोग, कृषि एप्सको प्रयोग, कृषि तथा पशुपन्छी विज्ञ सेवा प्रवर्द्धन |
| | | अर्गानिक उत्पादन प्रोत्साहन | विषादी निरुत्साहन र अर्गानिक वस्तु उत्पादन गर्ने कृषि समूहलाइ प्रोत्साहन, प्रांगारिक (कम्पोष्ट) मल प्रोत्साहन, खाद्य गुणस्तरता जाँचको व्यवस्था | सामुहिक खेती प्रोत्साहन कार्यक्रम | न्यून आय भएका कृषकहरूको समूहलाई उत्पादनमा आधारित अनुदान |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, लुम्बिनी प्रदेश

| क्र.स. | विषय क्षेत्र | समूह १ | | समूह २ | |
|---|---|---|---|---|---|
| | | कार्यक्रम | गरिने क्रियाकलाप | कार्यक्रम | गरिने क्रियाकलाप |
| | | जनआहार सुरक्षण कार्यक्रम | खाद्य संकट निवारण र सहुलियतका निम्ति खाद्यभण्डार व्यवस्थापन, सहकारी सुपथ मूल्य पसल, रासन कार्ड व्यवस्था | आफ्नै उत्पादन-आफ्नै उपभोग | स्थानीय उत्पादनको उपभोगका निम्ति मूल्य अनुदानका साथै सचेतना कार्यक्रम, |
| | | कृषक अध्ययन प्रोत्साहन | कृषकहरूलाई कृषि पाठशालामा सैद्धान्तिक तथा व्यवहारिक अध्ययनको निम्ति अध्ययनवृत्ति | रैथाने बाली संरक्षण | स्थानीय जातका मुख्य बालीहरूको प्रवर्द्धनका लागि बीउ, प्रविधि, उत्पादन अनुदान आदि |
| | | पशुपोषण कार्यक्रम | सुत्केरी गाइ भैंसीको निम्ति पोषण अनुदान | वडा खाद्य आत्मनिर्भरता प्रवर्द्धन विशेष कार्यक्रम | वडाको खाद्य आवश्यकताको तथ्यांक संकलन, सम्भाव्यताको आधारमा वडालाई अन्न, तरकारी, फलफूल, दूध, माछामासु, अण्डामा आत्मनिर्भर बनाउन विशेष प्रोत्साहन |
| | | उच्च मूल्य वस्तु उत्पादन प्रोत्साहन | उच्च मूल्यका वस्तुहरू (तरकारी, फलफूल, पुष्प, मह आदि) उत्पादनका निम्ति | कृषि वचत सुनिश्चितता | वडाका कृषि उत्पादनको न्यूनतम मूल्य निर्धारण र बजार |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्र

| क्र.स. | विषय क्षेत्र | समूह १ | | समूह २ | |
|---|---|---|---|---|---|
| | | कार्यक्रम | गरिने क्रियाकलाप | कार्यक्रम | गरिने क्रियाकलाप |
| | | | उत्पादनमा आधारित प्रोत्साहन अनुदान | | सुनिश्चितता (खरीद तथा भण्डारण), |
| २ | स्वास्थ्य (सफा वडा र स्वस्थ नागरिक) | वडा निरोग अभियान | वडा नागरिक स्वास्थ्य परिक्षण, गरीब तथा विपन्न र जेष्ठ नागरिक निशुल्क स्वास्थ्य सेवा, किशोरी +तथा प्रजनन स्वास्थ्य परीक्षण विशेष सेवा, विद्यालय नियमित स्वास्थ्य परिक्षण कार्यक्रम, असक्त तथा जेष्ठ नागरिक गृह स्वास्थ्य सेवा | स्वास्थ्य केन्द्रको स्तरोन्नति | एमबिबिएस डाक्टर सहितको विशेषज्ञ सेवा, स्वास्थ्य उपकरण र पूर्वाधार, टेलिमेडिसिन सहितको सुविधा |
| | | स्वस्थता प्रवर्द्धन जनचेतना +मानसिक स्वास्थ्य तथा मनोसामाजिक परामर्श कार्यक्रम | वातावरण, स्वास्थ्य/शुद्धता, सफाई र स्वच्छ खानेपानी सम्बन्धमा ग्रामीण तथा विद्यालय स्तरमा जनचेतना | स्वास्थ्य स्वयंसेविका सबलीकरण | स्वास्थ्य स्वयंसेविका क्षमता अभिवृद्धि तथा प्रोत्साहन, उपकरण सहयोग |

+ पहिलो संशोधनद्वारा थप।



आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती

| क्र.स. | विषय क्षेत्र | समूह १ | | समूह २ | |
|---|---|---|---|---|---|
| | | कार्यक्रम | गरिने क्रियाकलाप | कार्यक्रम | गरिने क्रियाकलाप |
| | | जन स्वास्थ्य बीमा कार्यक्रम | गरिब तथा विपन्न नागरिकहरूको स्वास्थ्य बीमा अनुदान (पूर्ण वा सहभागितात्मक) | ध्यान तथा योग प्रवर्द्धन | ध्यान तथा योग प्रशिक्षण केन्द्रको स्थापना र सञ्चालन |
| | | पोषण प्रवर्द्धन कार्यक्रम | शुद्ध र पोषिलो खाना सम्बन्धी सचेतना, ग्रामीण तथा विपन्न शिशु आहार सहायता, किशोरी पोषण | विपदजन्य स्वास्थ्य जोखिम नियन्त्रण | सरुवारोग र महामारी तथा अन्य विपदजन्य स्वास्थ्य जोखिम नियन्त्रण र पूर्व तयारीको निम्ति संस्थागत र पूर्वाधार व्यवस्था |
| | | सुरक्षित प्रसूति प्रोत्साहन | स्वास्थ्यकर्मीद्वारा सुत्केरी गराउन प्रोत्साहन सहयोग, गर्भवती, सुत्केरी तथा शिशु स्याहार अनुदान | निशुल्क एम्बुलेन्स सेवा | सुत्केरी, गरिब तथा विपन्न बिरामीहरूको निम्ति निशुल्क एम्बुलेन्स सेवा |
| ३ | खानेपानी, सिँचाई र उर्जा | एक घर एक धारा कार्यक्रम | एक घर एक धारा, निशुल्क खानेपानी आपूर्ति, खानेपानीको शुद्धता जाँच, खानेपानी पूर्वाधार निर्माण | सुन्दर पार्क-सफा शौचालय | उपयुक्त स्थानमा पार्क र सामुदायिक शौचालयको व्यवस्था |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

| क्र.स. | विषय क्षेत्र | समूह १ | | समूह २ | |
|---|---|---|---|---|---|
| | | कार्यक्रम | गरिने क्रियाकलाप | कार्यक्रम | गरिने क्रियाकलाप |
| | | शौचालय प्रवर्द्धन कार्यक्रम | एक घर एक सौचालय (गरीब तथा विपन्नलाइ प्राथमिकता) निर्माण | सिंचाई प्रवर्द्धन कार्यक्रम | लघु तथा साना र थोपा सिँचाई कार्यक्रमहरूमा सहयोग |
| | | उज्यालो वडा अभियान | विद्युत तथा वैकल्पिक उर्जा उपभोग प्रवर्द्धन (ग्याँस/दाउरा विस्थापन), विद्युतीय पहुँच विस्तारमा सहभागितात्मक सहयोग | लघु तथा साना विद्युत उत्पादन | स्थानीय जलस्रोतको सम्भाव्यताको आधारमा लघु तथा साना विद्युत उत्पादनको क्षेत्रमा लगानी |
| ४ | आवास व्यवस्था | नागरिक आवास कार्यक्रम | आवासविहीनलाई घर, फुस्को छाना/छाप्रो विस्थापन (घर निर्माणमा सहुलियत), आवास निर्माण मापदण्ड तर्जुमा र कार्यान्वयन | वडा आवास प्रवर्द्धन कार्यक्रम | वडामा आवासीय भवन तथा ब्लकको निर्माणमा सहयोग र सहजीकरण |
| ५ | शिक्षा तथा खेलकूद | सर्वशिक्षा अभियान | गरीब तथा विपन्न छात्रवृत्ति, छात्रावास व्यवस्था, छोरी (गरीब) तथा छोराछोरी (विपन्न) शिक्षा बचत अनुदान-वडा साझेदारीमा, नागरिक | उपयुक्त पूर्वाधार-गुणस्तरीय शिक्षा विशेष कार्यक्रम | सामुदायिक शिक्षालयको पुर्नसंरचना, शिक्षालय पूर्वाधार सुधार (सामुदायिक विद्यालय/कलेज), पाठ्यक्रम एवं पाठ्यशैली सुधार, नव प्रविधिमैत्री |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

| क्र.स. | विषय क्षेत्र | समूह १ | | समूह २ | |
|---|---|---|---|---|---|
| | | कार्यक्रम | गरिने क्रियाकलाप | कार्यक्रम | गरिने क्रियाकलाप |
| | | | शैक्षिक सचेतना, विद्यार्थी पोषण कार्यक्रम (दिवा खाजाको स्तरोन्नति) | | शिक्षा विकास, सुसंस्कृत विद्यार्थी-सफा विद्यालय अभियान |
| | | प्राविधिक शिक्षा सहायता कार्यक्रम | प्राविधिक विषय अध्ययनको लागि निशुल्क छात्रवृत्ति (विपन्न, दलित, अल्पसंख्यक) | नवप्रवर्तन प्रोत्साहन कार्यक्रम | वडा भित्र भएका नवप्रवर्तन क्षेत्रका प्रतिभाहरूलाई सहयोग, अध्ययन अनुसन्धान तथा विकास |
| | | व्यावहारिक शिक्षा प्रवर्द्धन कार्यक्रम | पढ्दै कमाउदै प्रोत्साहन, विद्यालय इन्टर्न साझेदारी (कृषि फर्म, औद्योगिक तथा व्यावसायिक प्रतिष्ठानहरूसँग) | वडा खेलकुद प्रवर्द्धन कार्यक्रम | वडा खेल मैदान निर्माण, खेलकुद प्रतियोगिता, खेलाडी प्रशिक्षण तथा प्रोत्साहन |
| ६ | रोजगारी तथा आय | आफ्नो सीप आफ्नै रोजगारी | वडामा आवश्यक प्राविधिक जनशक्तिको आंकलन, वडा सीप विकास तालिम, बीउ पूँजीको व्यवस्था (अनुदान वा सहुलियत ऋण) | सामुहिक व्यवसाय प्रोत्साहन | सहकारी/सामुहिक व्यवसाय सञ्चालनको निम्ति प्रोत्साहन सहयोग |
| | | रोजगार परामर्श सेवा | युवाहरूलाई व्यावसायिक परामर्श सेवा/ श्रम सूचना तथा सहयोग सेवा | निर्यातमुखी वस्तु उत्पादन | स्थानीय उच्च मूल्यका खाद्य वस्तुहरू र कलात्मक |

| क्र.स. | विषय क्षेत्र | समूह १ | | समूह २ | |
|---|---|---|---|---|---|
| | | कार्यक्रम | गरिने क्रियाकलाप | कार्यक्रम | गरिने क्रियाकलाप |
| | | | | | वस्तुहरूको उत्पादनमा प्रोत्साहन सहयोग |
| | | घरेलु तथा साना उद्यम प्रवर्द्धन | खाद्य प्रशोधन उद्यम विशेष कार्यक्रम, हाम्रो वडा हाम्रो ब्रान्ड (उत्पादन ब्रान्डीङ्ग) | जेष्ठ नागरिक आय आर्जन | जेष्ठ नागरिकहरूलाई चाख अनुसारको हल्का आय आर्जनको काममा सहयोग (जस्तैः जनै बाट्ने, बत्ति कात्ने) कार्यक्रम |
| | | वित्तीय सचेतना | वित्तीय साक्षरता एवं वित्तीय पहुँच प्रवर्द्धन सम्बन्धी परामर्श/तालिम | महिला विशेष आयआर्जन कार्यक्रम | महिला स्वरोजगार निम्ति बीउ पूँजी दिने |
| ७ | वन तथा वातावरण | वडा स्वच्छता अभियान | व्यवस्थित र वैज्ञानिक फोहरमैला व्यवस्थापन तथा प्रशोधन, | जलवायु परिवर्तन पुनरुत्थानशीलता | जलवायु परिवर्तनको असर न्यूनीकरण र प्रतिरोधका निम्ति आवश्यक कृषि तथा गैर कृषि क्षेत्रका कार्यक्रम |
| | | हरित वडा अभियान | अनिवार्य र व्यवस्थित वृक्षारोपण (घर, बाटो, विद्यालय लगायतका नीजी तथा सार्वजनिक पूर्वाधारहरूमा) | जनासहभागीतात्मक वन तथा वातावरण संरक्षण | वृक्षारोपण, वन तथा वातावरण संरक्षणमा नवीन प्रविधिहरूको प्रयोग |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्र

| क्र.स. | विषय क्षेत्र | समूह १ | | समूह २ | |
|---|---|---|---|---|---|
| | | कार्यक्रम | गरिने क्रियाकलाप | कार्यक्रम | गरिने क्रियाकलाप |
| | | जलाधार संरक्षण | परम्परागत पोखरी तथा जलाधार संरक्षण | कृषि वन तथा जडिबुटी खेती प्रवर्द्धन | नीजि वा वन क्षेत्रमा समूहगत कृषि तथा जडीबुटी खेतीको निम्ति प्रोत्साहन |
| ८ | सुशासन | वडा सुशासन कार्यक्रम | वडा डिजिटलाइजेसन र अनलाइन प्रशासनिक सेवा, सेवाग्राहीको लागि टोकन प्रणाली, सहायता कक्ष, गुनासो सुन्ने व्यवस्था, चुस्त र विभेदमुक्त प्रशासनिक सेवा, वडामा निशुल्क इन्टरनेट व्यवस्था | वडा सूचना तथा तथ्यांक व्यवस्थापन | वडास्तरका सूचना व्यवस्थापनको निम्ति पूर्वाधार तथा जनशक्ति व्यवस्थापन |
| | | प्रगतिशील कर तथा सेवा शुल्क | वडाको अधिकार क्षेत्र भित्र रही नागरिकको आयस्रोत अनुरुपको कर तथा सेवा शुल्क निर्धारण | वडा नागरिक मंच | नीति निर्माणमा सुझाव एवं सहयोग र स्वतन्त्र अनुगमन मूल्याङ्कनको निम्ति नागरिक समूह निर्माण र परिचालन |
| | | नेतृत्व विकास | वडाका विभिन्न क्षेत्रका नेतृत्वको क्षमता विकास | कार्ययोजना निर्माण र कार्यसम्पादन सम्झौता | वडाको समग्र विकासको कार्ययोजना तर्जुमा, वडाका जनाप्रतिनिधि तथा |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्र

| क्र.स. | विषय क्षेत्र | समूह १ | | समूह २ | |
|---|---|---|---|---|---|
| | | कार्यक्रम | गरिने क्रियाकलाप | कार्यक्रम | गरिने क्रियाकलाप |
| | | | तालीम, कर्मचारी विशेष क्षमता अभिवृद्धि तालीम | | कर्मचारीहरूसंग कार्यसम्पादन सम्झौता र सूचकमा आधारित अनुगमन तथा मूल्याङ्कन |
| | | वडा सुसंस्कार प्रवर्द्धन | लागू पदार्थ तथा लागू औषध निरुत्साहन सम्बन्धी कार्यक्रम | दुर्व्यसनी सुधार | लागू पदार्थ तथा लागू औषध दुर्व्यसनीको सुधार र पुनर्स्थापना |
| ९ | सामाजिक सुरक्षा र सामाजिक विभेदको अन्त्य | कानूनी सहायता | बालबालिका, महिला, गरीब तथा असहायहरूको लागि कानूनी सहायता | विपद व्यवस्थापन योजना | विपद न्यूनीकरण तथा पुनरुत्थानशीलता प्रवर्द्धन |
| | | बालश्रम, सडक तथा सहयोगापेक्षी मानवमुक्त वडा | बालश्रम उन्मूलन, सडक तथा सहयोगापेक्षी मानवको पुनर्स्थापना र व्यवस्थापन | जेष्ठ नागरिक सेवा | जेष्ठ नागरिक मनोरञ्जन पार्क तथा आश्रम निर्माण वा सहयोग, दिवा सेवा कार्यक्रम |
| | | नगद सहायता कार्यक्रम | असहाय, सुत्केरी, घाइते, विरामी, चरम बेरोजगार, जेष्ठ नागरिकहरुका लागि खातामा नगद सहायता प्रदान | पीडित चेली पुनर्स्थापना कार्यक्रम | बेचविखन र हिंसामा परेका चेलीहरूको उद्धार तथा पुनर्स्थापना |
| | | सामाजिक विभेद उन्मूलन कार्यक्रम | घरेलु हिंसा अन्त्य अभियान, अन्तरजातीय संस्कृति प्रवर्द्धन कार्यक्रम, बाल तथा अनमेल | शान्ति सभा | आवधिक रुपमा गाउँ गाउँमा दलीय समन्वय र शान्ति |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्र

| क्र.स. | विषय क्षेत्र | समूह १ | | समूह २ | |
|---|---|---|---|---|---|
| | | कार्यक्रम | गरिने क्रियाकलाप | कार्यक्रम | गरिने क्रियाकलाप |
| | | | विवाह निरुत्साहनको निम्ति कार्यक्रम, वडा पिछडा सम्मान कार्यक्रम, वडामा कुरीति र कुप्रथा उन्मूलनका निम्ति सचेतना कार्यक्रम | | प्रवर्द्धनको निम्ति कार्यक्रम सञ्चालन |
| १० | सूचना तथा प्रविधिमा सबै वडावासीको पहुँच पुऱ्याउने | सूचना प्रविधि सम्बन्धी तालिम दिने | विद्यालय स्तरमा सूचना प्रविधि सम्बन्धी तालिम सञ्चालन गर्ने | ICT Center तथा Free Wi-Fi Zone स्थापना गर्ने | प्रत्येक वडाको Center मा ICT center तथा Free Wi-Fi Zone बनाउने |
| | | प्रत्येक विद्यालय प्रविधिमैत्री बनाउने काम गर्ने | विद्यालयतहमा नै Computer विषय पढाउने | प्रविधिमैत्री विद्यालय संस्थागत गर्ने | प्रत्येक विद्यालयमा कम्प्युटर Zone को स्थापना गरी सबै विद्यार्थीलाई कम्प्युटर विषयको ज्ञान अनिवार्य गर्ने |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्र